# मुसिकोट नगरपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ३ कार्तिक १२, २०७७

## भाग - २

## मुसिकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको

## सूचना

# युवा लक्षित स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७७

संवत २०७७ सालको कार्यविधि नं. ३

प्रस्तावना : नेपालमा (कोभिड-१९) महामारीबाट विशेष परिस्थिति सृजना भई आम जन जिवन लगाएत समग्र कृषि क्षेत्र, यसको उत्पादन र वितरण प्रणाली समेत गम्भिर प्रभावित भएको छ । तमाम युवाहरु स्वदेशमै वेरोजगार भएका छन भने रोजगारीका लागि विदेश गएका युवाहरु बिचमै काम छोडेर बाध्यतावस स्वदेश फिर्ता भई वेरोजगारीको

समस्या सृजना भएको छ । कृषि प्राविधिक शिक्षा पुरा गरेका, कृषि सम्बन्धि ज्ञान शिप भएका युवाहरु रोजगारीका लागि भौतारीरहेका छन । कृषि क्षेत्रमा व्यावसायिक तरकारी खेती, व्यावसायिक च्याउ खेती गर्न चाहने युवाहरुको लागि स्वरोजगार संचालन गर्नको लागि अनुदान प्रदान गर्ने लक्षका साथ युवा लक्षित स्वरोजगार कार्यक्रम संचालन गर्न आवश्यकता भएकोले मुसिकोट नगरपालिकाको कृषि ऐन, २०७६ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ (१) यो कार्यविधिको नाम : “युवा लक्षित स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०७७” रहेको छ ।

(२) यो कार्यविधि नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखी लागु हुनेछ ।

२.परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **“कार्यविधि :** भन्नाले “युवा लक्षित स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०७७” सम्झनु पर्दछ ।

(ख) **“नगरपालिका”** भन्नाले मुसिकोट नगरपालिका सम्झनु पर्दछ र नगरकार्यपालिका भन्नाले मुसिकोट नगरकार्यपलिका सम्झनु पर्दछ ।

(ग) **“आर्थिक विकास समिति”** भन्नाले मुसिकोट नगरकार्यपालिकाले गठन गरेको आर्थिक विकास समिति सम्झनु पर्दछ ।

(घ) **“कृषि विकास समिति”** भन्नाले नगरकार्यपालिकाले गठन गरेको कृषि  विकास समिति सम्झनु पर्दछ ।

(ङ) **“कृषि विकास शाखा”** भन्नाले मुसिकोट नगरकार्यपालिका कृषि विकास शाखा लाई सम्झनु पर्दछ ।

(च) **युवा”** भन्नाले १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका उमेरका महिला, पुरुष  सम्झनु पर्दछ ।

(छ) **“कार्यक्रम”** भन्नले मुसिकोट नगरपालिकाबाट स्वीकृत **युवा लक्षित स्वरोजगार कार्यक्रम** लाई सम्झनु पर्दछ ।

(ज) **“अनुदान”** भन्नाले प्रोत्साहन स्वरुप युवा लक्षित स्वरोजगार कार्यक्रम अन्तर्गत व्यावसायिक तरकारी खेती तथा व्यावसायिक च्याउ खेती गर्ने कृषकलाई प्रदान गर्ने रकम वा सामाग्रीलाई सम्झनु पर्दछ ।

(झ) **“अनुदानग्राही”** भन्नाले युवा लक्षित स्वरोजगार कार्यक्रममा छनौटमा परेका युवा कृषकलाई सम्झनु पर्दछ

(ञ) **“आवेदक”** भन्नले युवा लक्षित स्वरोजगार कार्यक्रम लागि आवेदन दिएका युवा कृषकलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## कार्यक्रमको उद्देश्य

३. यस कार्यविधि बमोजिम कार्यक्रमका उद्देश्यहरु देहाय अनसुार हनेछन ।

(१) मुसिकोट नगरपालिका भित्र कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

(२) मुसिकोट नगरपालिकाका जनता लाई खाद्य संकट बाट जोगाउने ।

(३) वेरोजगार युवाहरुलाई लक्षित गरी कृषि व्यावसाय कार्यक्रम संचालनको माध्यमबाट रोजगारीका अवसर सृजना गरी कृषकको आयस्तर बृद्धि गर्ने ।

## परिच्छेद ३

## कार्यक्रम संचालन प्रकृया

४. **व्यावसायिक तरकारी खेती वा व्यावसायिक च्याउ खेती गर्ने :** प्राविधिक शिक्षा अध्ययन पुरा गरेका र रोजगारिका लागि विदेश गई फर्केका युवाहरुले कृषि क्षेत्रमा स्वारोजगार सृजना गरि आयस्तर बृद्धि गर्नका लागि आफ्नै जमिन वा आफ्ना नातेदार बाबु, आमा, दाई, भाईको जमिन वा जग्गा करारमा लिई व्यावसायिक तरकारी खेती वा व्यावसायिक च्याउ खेती गर्नु पर्ने छ ।

५. **प्रोत्साहन अनुदान प्रवाह गर्ने निकाय :** प्रोत्साहन गर्ने निकाय मुसिकोट नगरपालिका रुकुम पश्चिम रहनेछ।

६. **सूचना प्रवाह र आवेदन संकलन** : सुचना प्रवाह र आवेदन संकलन देहाय अनुसार हुनेछ।

(१) युवा लक्षित स्वरोजगार कार्यक्रममा सहभागि हुन मुसिकोट नगरकार्यपालिका कृषि विकास शाखाले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुऱ्याई **अनुसुची १** अनुसारको ढाँचामा सूचना प्रकाशन गरी आवेदन आव्हान गरिने छ। यस्तो प्रस्ताव सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम.बाट समेत प्रचार प्रसार गरिने छ।

(२) सहभागि हुन चाहने युवाहरुले मुसिकोट नगरकार्यपालिका कृषि विकास शाखाले जारी गरेको सूचना बमोजिम निर्दिष्ट गरेको **अनुसुची २** अनुसारको ढाँचामा आफूले गर्न चाहेको खेतीको विषयमा आवेदन पेश गर्नु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम संचालित कार्यक्रममा सहभागि हुन चाहने कृषकहरुले मुसिकोट नगरकार्यपालिका कृषि विकास शाखा आवश्यक कागजात संलग्न गरि आवेदन दिनु पर्नेछ।

आवश्यक कागजतहरु

१. जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी।

२. नागरिकता प्रमाण पत्रको प्रतिलिपी।

३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

४.जग्गा भाडामा लिएको भए सो को सम्झौता पत्र आफ्नै अंशियार भए नाता खुल्ने प्रमाणको प्रतिलिपी

५. व्यावसायिक खेती योजना ।

**७. प्रोत्साहन अनुदानग्राही छनौट र प्रोत्साहन प्रवाह गर्ने विधि :** युवा लक्षित स्वरोजगार कार्यक्रम प्रोत्साहनग्राही र प्रोत्साहन गर्ने विधि देहाय बमोजिम हुनेछ ।

(१) युवा लक्षित स्वरोजगार कार्यक्रममा सहभागि हुनका लागि आवेदन दिने आवेदकहरुलाई मुसिकोट नगरपालिका स्तरिय कृषि विकास समितिले अध्ययन गरि मूल्याङ्कन पश्चात **अनुसूचि ३** अनुसार अनुदान सहयोग गर्न सक्नेछ ।

(२) छनौट प्रकृया : मुसिकोट नगरकार्यपालिका कृषि विकास शाखा मार्फत संकलन भएका आवेदन उपर कृषि विकास समितिले छनौटको लागि कारवाही अगाडी बढाउन सक्नेछ । आवश्यक परेका कृषि विकास समितिले प्रस्ताव माथि अध्ययन गर्न स्थलगत निरिक्षण गर्न सक्नेछ । छनौट गर्ने सूचक **अनुसूची ४** बमोजिमको रहने छ ।

**८. कार्यक्रमको स्वीकृति :** कृषि विकास समितिबाट सिफारिस भएका प्रस्ताव उपर कार्यपालिकाले अध्ययन गरी स्वीकृत गर्नु पर्नेछ ।

९. **कार्यक्रमको सम्झौता** : कृषि विकास समितिबाट छनौट भएमा कृषि विकास शाखा मार्फत नगर कार्यपालिकाको तर्फबाट प्रमुख प्रशासकिय अधिकृत र अनुदानग्राही बिच **अनुसूची ५** बमोजिमको सम्झौता पत्रमा सम्झौता गरिने छ ।

१०. **कार्यक्रम संचालन** : सम्झौता पत्रमा दुवै पक्ष विच सम्झौता भए पश्चातमात्र कार्यक्रम संचालन गर्न सकिने छ ।

११. **कार्यक्रमको अनुगमन, निरिक्षण** : कार्यक्रम संचालन भएको क्षेत्रमा कार्यक्रमको अनुगमन निरिक्षण नगरकार्यपालिकाद्धारा गठित अनुगमन समिति, कृषि विकास सिमिति, कृषि विकास शाखाले नियमित रुपमा गरि कार्यक्रम संचालन गर्न सहजिकरण गर्नु पर्नेछ ।

१२.**अनुदान प्रकृया** : कार्य सम्पन्न भए पश्चात सम्बन्धित शाखाहरुको सिफारिसमा विल भर्पाइ कार्यक्रमको फोटो संलग्न राखी भुक्तानीको लागि निवेदन दिनु पर्नेछ । विल भपाई रुजु भई पास भए पछि अनुदानग्राहीको बैक खातामा वा कुनै फर्मबाट सामाग्री आपुर्ति भएमा आपुर्ती कर्ताको बैक खातामा भुक्तानी रकम जम्मा गरिनेछ ।

१३.**बाधा अडकाउ फुकाउ** : यस कार्यविधिमा उल्लेख भए बाहेक अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ । साथै यस कार्यविधि कार्यान्वयनमा केहि बाधा व्यवधान आईपरेमा वा विवाद उत्पन्न

भएमा र थप स्पष्ट र प्रभावकारी बनाउनु पर्ने भएमा अन्तिम निर्णय गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

# अनुसूची-१

## दफा ६ को उपदफा (१) सँग सम्बन्धित

**मिति :.......**

सूचना । सूचना ॥ सूचना ॥।

मुसिकोट नगर कार्यपालिका कृषि विकास शाखाको आ.वा.२०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार युवा लक्षित स्वरोजगार कार्यक्रम अन्तर्गत व्यावसायिक तरकारी खेती तथा व्यावसायिक च्याउ खेती कार्यक्रम संचालन गरिने भएको हुंदा तपसिल बमोजिमको मापदण्डमा परेका ईच्छुक कृषकहरुका लागि सूचना प्रकाशन भएको मिति देखि १५ दिन अर्थात मिति ................... गते भित्र दरखास्त दिनहुन यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगको र सूचनाको म्याद नाघि पर्न आएको निवेदन उपर कारवाहि नहुने व्यहोरा जानकारी गराईन्छ ।

तपसिल :

१. नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
२. जग्गा धनि प्रमाण पत्रको प्रतिलिपी( सगोल परिवारको अन्य कसैको नामको जग्गा भए वडा कार्यलयबाट नाता प्रमाणित वा जग्गा धनिको मन्जुरीनामा हुनु पर्ने छ ।
३. कृषि प्राविधिक शैक्षिक प्रमाण पत्र वा वैदेशिक रोजगारको प्रमाण पत्रको प्रतिलिपी ।

४. निवेदनमा तरकारी खेती वा च्याउ खेती गर्ने स्पष्ट खुलाएको हुनु पर्नेछ ।

५. युवा लक्षित स्वरोजगार कार्यक्रममा दरखास्त दिनेहरुका लागि

- कृषि प्राविधिक शिक्षा अध्ययन गरि वेरोजगार बसेका व्यावसायिक तरकारी खेती वा  व्यावसायिक च्याउ खेती गर्न चाहने युवाहरु (उमेर १८ वर्ष देखि ४० वर्ष)
- विदेश बाट फर्केका शिप सिकेका व्यावसायिक च्याउ खेती वा व्यावसायिक च्याउ खेती गर्न चाहने युवाहरु  (उमेर १८ वर्ष देखि ४० वर्ष )

**कृषि अधिकृत**

**कृषि विकास शाखा**

# अनुसूची-२

## दफा ६ को उपदफा (२) सँग सम्बन्धित

## युवा लक्षित स्वरोजगार कार्यक्रमको निवेदनको ढाँचा

श्रीमान शाखा प्रमुख ज्यू

मुसिकोट नगर कार्यपालिका,

कृषि विकास शाखा                                        मिति : ..................

रुकुम पश्चिम ।

विषय : युवा लक्षित स्वरोजगार कार्यक्रममा सहभागि गराई दिनहुन ।

उपरोक्त विषयमा मुसिकोट नगरपालिका.......नं. वडा...... टोलमा बस्ने वर्ष.....को म श्री............................कृषि प्राविधिक शिक्षामा............अध्ययन गरि बसेको/वैदेशिक रोजगारमा ........ देश गई फर्केको हाल कृषि व्यावसाय गर्ने ईच्छा गरेकोले आ.व. ०७७/०७८ मा यस शाखाबाट संचालन गरिने व्यावसायिक तरकारी खेती/व्यावसायिक च्याउ खेती गर्न युवा लक्षित स्वरोजगार कार्यक्रममा सहभागि गराई अनुदान उपलब्ध गराई दिनहुन यो निवेदन पेश गरेको छु ।

निवेदनको साथ संलग्न कागजातहरु

१. नेपाली नगरिकता प्रमाण पत्रको प्रतिलिति

२. जग्गा धनि प्रमाण पुर्जा/मन्जुरीनामा/ करारनामा कागजातको प्रतिलिपी ।

३. कृषि प्राविधिक शिक्षाको सर्टिफिकेटको प्रतिलिपी/वैदेशिक रोजगारीमा गएको प्रमाणको प्रतिलिपी ।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

निवेदक

नाम : ............

ठेगाना : ............

दस्तखत :............

मो.नं..................

# अनुसूची- ३

## दफा ७ को उपदफा (१) सँग सम्बन्धित

## प्रोत्साहन अनुदान सहयोग

**युवा लक्षित स्वरोजगार कार्यक्रम अनुदान प्रोत्साहनको लागि तपसिल अनुसारको अनुदान सहयोग अनुदान उपलब्ध गराईने छ ।**

| क्र.सं. | विवरण | ईकाइ | अनुदान सहयोग | कैफियत |
|---|---|---|---|---|
| १ | व्यावसायिक तरकारी खेती गर्नेको लागि | प्रति प्लाष्टिक घर | रु १५०००।- (रु.पन्ध्रहजार मात्र) बराबरको प्लाष्टिक टनेल, तरकारी वीउ, बाँस र अन्य सामाग्रीहरु उपलब्ध गराईने छ । कम्तीमा १५% रकम उपभोक्ताको लगानी हुनु पर्ने छ । | ,, |
| २ | व्यावसायिक च्याउ खेतीको लागि | प्रति च्याउ घर | रु १५०००।- (रु.पन्ध्रहजार मात्र) बराबरको कालो प्लाष्टिक टनेल, च्याउ वीउ, बाँस र अन्य सामाग्रीहरु उपलब्ध गराईने छ । कम्तीमा १५% रकम उपभोक्ताको लगानी हुनु पर्नेछ । | ,, |

# अनुसूची- ४

## दफा ७ को उपदफा (२) सँग सम्बन्धित

**युवा लक्षित स्वरोजगार कार्यक्रम प्रस्ताव छनौट गर्ने सूचकहरु**

**१. प्रस्ताव पेश गर्नेको नाम :**

**२. ठेगाना :**

**३. खेतीको प्रकार :**

| क्र.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | जग्गाको क्षेत्रफल | १० | | |
| २ | सिंचाईको उपलब्धता | २० | | |
| ३ | पूर्वाधार विकास, सडक, विजुली | १० | | |
| ४ | जग्गाको किसिम भिरालोपना, समथर | १० | | |
| ५ | माटोको किसिम | २० | | |
| ६ | व्यावसायिकतामा ज्ञान, शिप | १० | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | कृषि बजार सम्बन्धी जानकारी | २० | | |
| | जम्मा | १०० | | |

अनुगमन/मूल्याङ्कन कर्ता :

नाम :

पद :

हस्ताक्षर :

मिति :

# अनुसूची- ५

## (दफा ९ सँग सम्बन्धित)

## सम्झौता पत्रको ढाँचा

## मुसिकोट नगरपालिका

## मुसिकोट नगरकार्यपालिकाको कार्यालय रुकुम (पश्चिम)

युवा लक्षित स्वरोजगार **कार्यक्रम सम्बन्धी सम्झौता - पत्र**

मुसिकोट नगरपालिका, कृषि विकास शाखाको स्वीकृत कार्यक्रम अनुसार युवा लक्षित स्वरोजगार कार्यक्रम संचालनको लागी मुसिकोट नगरपालिका, कृषि विकास शाखा, रुकुम पश्चिम (यसपछि प्रथम पक्ष भनिने) मुसिकोट नगरकार्यपालिका बाट छनौट भएका मुसिकोट नगरपालिका वडा नं......को...................... (यसपछि दोश्रो पक्ष भनिने) वीच देहायका शर्तहरुको अधिनमा कार्यान्वयन हुने गरी यो सम्झौता गरिएको छ ।

१. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिने छ ।

२. दोश्रो पक्षले सम्झौता भएको मितिले ७ दिन भित्र कार्य शुरु गर्नु पर्नेछ । कार्यक्रम सञ्चालन गर्दा लागत ईष्टिमेट अनुसार गर्नुपर्नेछ । कम्तीमा १५% रकम दोस्रो पक्षको लगानी हुनु पर्ने छ ।

३. दोस्रो पक्षले खेती योजनामा उल्लेखित कार्य संचालन गर्नु पर्नेछ ।

४. सम्झौता बमोजिमको  स्थानिय स्तरमा उपलब्ध हुने प्लाष्टिक घर निमार्ण सम्बन्धि सामाग्रि श्रमिकको ज्याला दोस्रो पक्षले व्यवस्था गरि भुक्तानी लिने र बजार बाट आपुर्ती गर्ने सिल्पोलिन प्लाष्टिक र कृषि सामाग्रीहरु प्रथम पक्षले आपुर्तीकर्ता मार्फत उपलब्ध गराईने छ ।

५. प्रथम पक्षले दोश्रो पक्षको बैंक खाता मार्फत कार्य सम्पन्न भैसकेपछि सम्बन्धित प्राविधिकबाट कामको मुल्याङ्कनको आधारमा प्लाष्टिक टनेल र कृषि सामाग्री वाहेक बाँकि रकम भुक्तानी गराईनेछ ।

६. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमो प्रचलित ऐन नियम अनुसार हुनेछ ।

७. दोस्रो पक्षले मिति.................... भित्र कार्य सम्पन्न गरी भुक्तानीको लागि प्रथम पक्ष समक्ष निवेदन दिई सक्नु पर्ने छ ।

७. यस योजनाको लागत साझेदारी  देहाय वमोजिम हुनेछ :

क) कुल लागत रकम रु.............          (अक्षेरुपी...............मात्र)

ख) प्रथम पक्षले व्यहोर्ने रकम रु ........(अक्षेरुपी ............मात्र)

घ) दोश्रो पक्षले व्यहोर्नु पर्ने रकम ...... (अक्षेरुपी ................मात्र)

| **प्रथम पक्षको तर्फवाट** | **दोस्रो पक्षको तर्फवाट** |
|---|---|
| दस्तखत: | दस्तखत : |
| नाम : | नाम : |

पद : पद :

संस्थाः संस्था :

आयोजनाको नाम ठेगाना : ........................ ..... ।

**साक्षीहरुः**

**प्रथम पक्षको तर्फवाट** **दोस्रो पक्षको तर्फवाट**

दस्तखः दस्तखत :

नाम : ........................... नाम :

पद : ............................. पद :

मितिः............... मितिः.........

आज्ञाले,

नरवीर खड्का

निमित्त प्रमुख प्रशासकीय अधिकृत